कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi

पत्र संख्या/Ref No :- ०८३/८४
चलानी नं./Dispatch No.:- १८६०

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

मितिः २०८३/०५/०९

श्री सबै सामुदायिक विद्यालयहरू (कक्षा ५ र ८ सञ्चालित),
कञ्चन गाउँपालिका, रूपन्देही।

**विषयः विपन्न लक्षित छात्रवृत्तिका लागि PMT फाराम भराई IEMIS मा प्रविष्टि गर्ने गराउने सम्बन्धमा।**

प्रस्तुत विषयमा शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग (समावेशी शिक्षा शाखा), सानोठिमी, भक्तपुरको पत्र संख्या २०८३/०८४, च.नं. १०, मिति २०८३/०५/04 को प्राप्त पत्रानुसार आगामी शैक्षिक सत्र २०८४ मा सार्वजनिक विद्यालयतर्फ कक्षा ६ र कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूलाई विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि 'विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८०' को दफा ७ को उपदफा १ को खण्ड (क) बमोजिम हाल चालू शैक्षिक सत्र २०८३ मा कक्षा ५ र कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूबाट Proxy Mean Testing (PMT) फाराम भराउनु पर्ने भएको छ। तसर्थ, विभागको निर्णय अनुसार तहाँ विद्यालयमा अध्ययनरत योग्य तथा इच्छुक विद्यार्थीहरूबाट तोकिएको प्रक्रिया पूरा गरी समयसीमाभित्रै सम्पूर्ण विवरणहरू IEMIS प्रणालीमा प्रविष्ट गराई नियमानुसारको कार्य सम्पादन गर्नुहुन यो स्पष्ट निर्देशन जारी गरिएको छ।

**विद्यालयले गर्नुपर्ने स्पष्ट कार्यविधि र प्रक्रियाः**

१.फाराम डाउनलोड तथा वितरणः

- शिक्षा विभागको वेबसाइट ([https://cehrd.gov.np](https://cehrd.gov.np)) वा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS - [https://emis.cehrd.gov.np](https://emis.cehrd.gov.np)) बाट PMT फाराम डाउनलोड गरी प्रिन्ट गर्ने।
- कक्षा ५ र कक्षा ८ मा अध्ययनरत सम्पूर्ण इच्छुक विद्यार्थी वा निजका अभिभावकहरूलाई फाराम अविलम्ब उपलब्ध गराउने।

२.फाराम भर्ने र प्रमाणीकरण गर्नेः

- सम्बन्धित विद्यार्थी/अभिभावकले फाराममा उल्लेखित सम्पूर्ण सूचकहरू सत्य, तथ्य र स्पष्ट रूपमा भरी अभिभावकबाट प्रमाणित गराई विद्यालयका प्रधानाध्यापक समक्ष पेश गर्न लगाउने।

२०८३/५/९
रमेश भुसाल
शाखा अधिकृत

क्रमशः।

३.रुजु तथा स्थानीय तहमा पेशः

- विद्यार्थी वा अभिभावकबाट प्राप्त भएका फारामहरू प्रधानाध्यापक स्वयंले सही र सत्य भए/नभएको रुजु (Verify) गरी, सही तथा छाप लगाई गाउँपालिका (स्थानीय तह- वडा कार्यालय) बाट प्रमाणीकरण गराउनका लागि पेश गर्ने।

**४.IEMIS प्रणालीमा प्रविष्टि (Entry):**

- प्रमाणीकरण भई प्राप्त भएका PMT फारामहरूलाई विद्यालयले IEMIS प्रणाली ([https://emis.cehrd.gov.np](https://emis.cehrd.gov.np)) मा लगइन गरी देहाय बमोजिम प्रविष्ट गर्ने:
  - Dashboard मा रहेको **'PMT'** मेनुमा क्लिक गर्ने।
  - शैक्षिक वर्ष **'२०८३'** र कक्षा **'५'** वा **'८'** छनोट गरी **'Load'** मा क्लिक गर्ने।
  - फाराम भरेका विद्यार्थीको नामको दायाँतर्फ रहेको **'Action'** मा क्लिक गरी फाराममा भरिएका विवरणहरू हुबहु सही रूपमा भर्ने/भराउने।

**५.अभिलेख सुरक्षाः**

- IEMIS मा विवरण प्रविष्ट गरिसकेपछि प्रमाणित PMT फाराम र सोको सक्कल/नकल अभिलेख विद्यालयले सुरक्षित साथ फाइलिङ गरी राख्नुपर्नेछ।

**विशेष ध्यान दिनुपर्ने समयावधि (Deadline):**

- सूचना प्रकाशन भएको मितिले **४५ (पैंतालीस) दिनभित्र** फाराम भराई अनिवार्य रूपमा IEMIS प्रणालीमा प्रविष्टि गरिसक्नुपर्नेछ।
- तोकिएको समयावधिभित्र विवरण प्रविष्ट नभई विद्यार्थीहरू छात्रवृत्तिबाट वञ्चित हुन पुगेमा सोको सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालय र प्रधानाध्यापकको हुनेछ।

तसर्थ, उल्लेखित प्रक्रिया अनुसार समयमै PMT फाराम भराउने, प्रमाणीकरण गराउने र IEMIS मा प्रविष्टि गर्ने कार्य गराई सहयोग गरिदिनुहुन अनुरोध छ।

२०८३/४/१५

.........................................

**शिक्षा शाखा प्रमुख**

कञ्चन गाउँपालिका, रूपन्देही

रमेश भुसाल

शाखा अधिकृत

बोधार्थः

- श्री शिक्षा विकास तथा समन्वय इकाई, रूपन्देही ।
- श्री वडा कार्यालयहरू (सबै), कञ्चन गाउँपालिका ।